वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

श्रेणी विहिन, हलुका सवारी चालक पदमा सेवा, समूह र उपसमूह परिवर्तनको लागि प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

पाठ्यक्रम योजनालाई निम्नानुसारका दुई चरणमा विभाजन गरिएको छ :

| | | |
|---|---|---|
| प्रथम चरण :– | लिखित परीक्षा | पूर्णाङ्क :– ५० |
| द्वितीय चरण :– | (क) प्रयोगात्मक परीक्षा | पूर्णाङ्क :– ५० |
| | (ख) अन्तर्वार्ता | पूर्णाङ्क :– २० |

## परीक्षा योजना (Examination Scheme)

**१. प्रथम चरण : लिखित परीक्षा** **पूर्णाङ्क :- ५०**

| पत्र/ विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या × अङ्क | समय |
|---|---|---|---|---|---|
| सवारी साधन र ट्राफिक सम्वन्धी ज्ञान | ५० | २० | वस्तुगत बहुवैकल्पिक प्रश्न (MCQ) | २५ प्रश्न × २ अङ्क | २५ मिनेट |

**२. द्वितीय चरण : प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता** **पूर्णाङ्क :- ७०**

| पत्र/ विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|
| (क) प्रयोगात्मक परीक्षा | ५० | २५ | प्रयोगात्मक अभ्यास | ३० मिनेट |
| (ख) अन्तर्वार्ता | २० | - | मौखिक | - |

द्रष्टव्य :

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली हुनेछ ।

२. लिखित परीक्षामा सोधिने प्रश्नसंख्या र अङ्कभार यथासम्भव सम्बन्धित पत्र/विषयमा दिईए अनुसार हुनेछ ।

३. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

४. वस्तुगत बहुवैकल्पिक हुने परीक्षामा परीक्षार्थीले उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital letter) A,B,C,D मा लेख्नुपर्नेछ । सानो अक्षर (Small letter) a,b,c,d लेखेको वा अन्य कुनै सङ्केत गरेको भए सबै उत्तरपुस्तिका रद्द हुनेछ ।

५. बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator) प्रयोग गर्न पाइने छैन ।

६. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम, विनियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ ।

७. प्रथम चरणको परीक्षाबाट छनौट भएका उम्मेदवारलाई मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित गराइनेछ ।

८. प्रयोगात्मक परीक्षाको पाठ्यक्रममा उल्लेख भए बमोजिमका खण्ड र अंकभारका आधारमा प्रयोगात्मक परीक्षा संचालन गरिनेछ ।

९. पाठ्यक्रम स्वीकृत मिति :-

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

श्रेणी विहिन, हलुका सवारी चालक पदमा सेवा, समूह र उपसमूह परिवर्तनको लागि प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

लिखित परीक्षाको पाठ्यक्रम

पत्र/विषय:– सवारी साधन र ट्राफिक सम्बन्धी ज्ञान

खण्ड (क) - (२० अंक)

१. सवारी सञ्चालन र सवारी ऐन नियम सम्बन्धी ज्ञान

- १.१ सवारीको नम्बर प्लेट
- १.२ सवारीको नम्बर प्लेटको सङ्केत, अंक तथा अक्षरको साइजहरु
- १.३ सवारीको गति निर्धारण सम्बन्धी
- १.४ सवारी रोक्ने दूरी
- १.५ सवारी मार्गको वर्गीकरण
- १.६ सेवाको हिसावले सवारीको वर्गीकरण
- १.७ सवारी साधनको प्रकार
- १.८ विमा सम्वन्धी व्यवस्था : सवारी कर्मचारी र यात्रुको विमा, तेस्रो पक्षको विमा
- १.९ सजाय सम्वन्धी व्यवस्था : विभिन्न किसिमका गल्ती गरेमा हुने सजायहरु तथा रु. ५०० देखी रु. १५०० सम्म जरीवाना हुन सक्ने व्यवस्थाहरु

खण्ड (ख) - (३० अंक)

२. सुरक्षित यातायात र ट्राफिक ज्ञान

- २.१ सवारी चलाउँदा साथमा राख्नु पर्ने कागजपत्र (सवारी चालक अनुमती पत्र, सवारी दर्ता प्रमाण पत्र, प्रदूषण मुक्त प्रमाण पत्र, बाटो इजाजत पत्र, सवारी जाँचपास प्रमाणपत्र)
- २.२ सवारी चालक अनुमतिपत्र लिनका लागि लाग्ने दस्तुरहरु
- २.३ सवारी जाँचपास, दर्ता प्रमाणपत्र (ब्लुबुक) र नवीकरण सम्वन्धी दस्तुरहरु
- २.४ ट्राफिक चिन्हका प्रकारहरु
  - २.४.१ प्रतिबन्धात्मक चिन्ह
  - २.४.२ सचेतात्मक चिन्ह
  - २.४.३ सूचनामूलक चिन्ह
  - २.४.४ दिशासूचक चिन्ह
- २.५ ट्राफिक वत्तीका संकेतहरु
  - २.५.१ सवारी नियन्त्रण गर्नको लागि
  - २.५.२ पदयात्री आवतजावत नियन्त्रणका लागि
- २.६ सडक रेखाहरु
  - २.६.१ लम्वाई भागका रेखाहरु
  - २.६.२ सडक छेउका रेखाहरु
  - २.६.३ चौडाई भागका रेखाहरु
  - २.६.४ पदयात्रुले बाटो काट्ने ठाउँ जनाउने रेखाहरु
- २.७ लेन अनुशासन, हर्नको प्रयोग र प्राथमिकता प्राप्त सवारीहरु सम्बन्धी जानकारी
- २.८ यान्त्रिक ज्ञान : इन्जिन, क्लच, गियर, ब्रेक, ह्वील, टायर, स्टियरिङ्ग, इग्निसन प्रणाली, रेडियटर, पंखा र ब्याट्री तथा सवारी मर्मत सम्बन्धी सामान्य जानकारी

पुनश्च: उल्लिखित विषयसँग सम्वन्धित सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ तथा सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ का बारेमा सामान्य जानकारी राख्नु पर्नेछ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

श्रेणी विहिन, हलुका सवारी चालक पदमा सेवा, समूह र उपसमूह परिवर्तनको लागि प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

## प्रयोगात्मक परीक्षाको पाठ्यक्रम

**खण्ड (क)**

**अभ्यास १. राजमार्गमा कम्तीमा ५ कि.मी. को दुरीसम्म चलाउने** (१५ अंक)

- १.१ प्रति घण्टा ६० कि.मी. भन्दा कम गतिमा एकनासले चलाउने ।
- १.२ गियरहरु आवश्यकता अनुसार बदल्ने ।
- १.३ ढिलो चलिरहेका गाडीहरुलाई उपयुक्त ठाउँमा उछिन्ने ।
- १.४ आफु भन्दा छिटो गाडीहरुलाई सुरक्षित तरिकाले साइड दिने ।
- १.५ गाडी रोक्ने, यु-टर्न गर्ने, ब्याक गर्ने र फिर्ता चलाई ल्याउने ।

**खण्ड (ख)**

**अभ्यास २. शहरी सडकमा कम्तीमा ५ कि.मी. चलाउने** (१५ अंक)

- २.१ प्रति घण्टा ४० कि.मी. भन्दा कम गतिमा एकनासले चलाउने ।
- २.२ गियरहरु आवश्यकता अनुसार बदल्ने ।
- २.३ कम्तिमा ३/३ वटा दायाँ मोड (Right turn), बायाँ मोड (Left Turn) र पुरा मोड ( U-Turn ) लिने ।
- २.४ उपलब्ध भएमा ट्राफिक संकेत (Traffic Signal) भएको चोकबाट भएर गाडी चलाउने ।

**खण्ड (ग)**

**अभ्यास ३. उकालोमा पार्क गर्ने र पुनः चलाउने** (१० अंक)

- ३.१ सडकको किनारा लगाएर सवारी रोक्ने ।
- ३.२ इन्जिन बन्द गर्ने ।
- ३.३ इन्जिन पुनः चालु गर्ने र सवारी अगाडि बढाउने ।

**खण्ड (घ)**

**अभ्यास ४. ग्यारेज पार्क गर्ने** (१० अंक)

- ४.१ नियन्त्रित तरिकाले सवारी हाक्ने ।
- ४.२ ब्याक गरी सवारी चलाउने र ग्यारेजको तोकिएको ठाँउमा लगेर पार्क गर्ने ।